# त्रिभुवन विश्वविद्यालय
# मानविकी तथा सामाजिक शास्त्र सङ्काय
# डीनको कार्यालय, बल्खु, काठमाडौ

मिति: २०७८/०४/१७

**स्नातकोत्तर तथा अधिस्नातक तह (MA & PGD) को प्रवेश परीक्षा सम्बन्धी संशोधित सूचना**

मिति २०७८/०३/२० मा प्रकाशित सूचना अनुसार त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा आधारित **शैक्षिक वर्ष २०२१ (२०७७/०७८)** को अधिस्नातक (PGD) तथा स्नातकोत्तर (MA) तहका केन्द्रीय विभागहरू/क्याम्पसहरू/कलेजहरूमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम अन्तर्गत आवेदन फाराम भर्ने अन्तिम म्याद वि.सं. २०७८ साल श्रावण १८ गते सम्म रहेकामा देहाय बमोजिम प्रवेश परीक्षा सम्बन्धी संशोधित सूचना प्रकाशित गरिएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विद्यार्थीद्वारा भर्ना हुन चाहेको विषय तथा अध्ययन गर्न चाहेको केन्द्रीय विभाग/क्याम्पस/कलेज वा कार्यक्रमको नाम उल्लेख गरी यस सङ्कायको वेवसाइट www.tufohss.edu.np मा अंकित https://entrance.tufohss.edu.np मार्फत अनलाइन आवेदन फाराम भर्न सकिने छ । साथै, कतिपय विद्यार्थीहरुलाई Internet तथा अन्य प्राविधिक समस्याका कारण अनलाईन फाराम भर्न कठिनाइ भएमा सम्बन्धित विभाग तथा क्याम्पसहरूबाट त्यस्ता विद्यार्थीहरूको भौतिक रूपमा फाराम बुझी अनलाइन मार्फत पठाइदिनुहुन समेत अनुरोध गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै कार्यवाही हुने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

- **आवेदनका लागि न्यूनतम योग्यता:** त्रि.वि. वा त्यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेका एवं विषय समितिले निर्धारण गरेको अन्य मापदण्ड पूरा गरेका (३ वर्षे स्नातक कार्यक्रम अन्तर्गत पहिलो र दोस्रो वर्ष उत्तीर्ण भई तेस्रो वर्षको नतिजा पर्खाइमा रहेका तथा ४ वर्षे स्नातक कार्यक्रम अन्तर्गत पहिलो, दोस्रो र तेस्रो वर्ष उत्तीर्ण भई चौथो वर्षको नतिजा पर्खाइमा रहेका परीक्षार्थीहरू पनि यस प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् तर भर्ना हुँदा स्नातक तह उत्तीर्ण भएको शैक्षिक प्रमाण-पत्र अनिवार्य रूपमा पेश गर्नुपर्ने छ । )
- **आवेदन फाराम भर्ने अन्तिम मिति:** २०७८ साल श्रावण मसान्तसम्म ।
- **विलम्ब शुल्कमा आवेदन फाराम भर्ने समयावधि** :२०७८ साल भाद्र ०१ गतेदेखि ०४ गतेसम्म ।
- **आवेदन दस्तुर:** रू.१५००/- र विलम्ब दस्तुर रू. ३०००/- (परीक्षार्थीले सम्बन्धित विभाग/क्याम्पसको खातामा जम्मा गरी भौचर Upload गर्नु पर्ने )
- **प्रवेश परीक्षा मिति:** २०७८ साल भाद्र १२ गते शनिबार (**दिउँसो १:०० बजेदेखि २:०० बजेसम्म**) । तर आन्तरिक श्रोतबाट सञ्चालित स्नातकोत्तर कार्यक्रम तथा अधिस्नातक तहका विषयहरूको प्रवेश परीक्षा सम्बन्धी विस्तृत जानकारीका लागि सम्बन्धित कार्यक्रमहरूमा सम्पर्क राख्नुपर्ने छ ।
- प्रवेश परीक्षाको अङ्कभार १०० पूर्णाङ्कको हुनेछ जसमा स्नातक तहको सम्बन्धित विषयको पाठ्यक्रमका आधारमा वहुवैकल्पिक प्रश्नहरू ५० वटा सोधिने छ । उक्त परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुनेछ ।
- **प्रवेश परीक्षाको नतिजा प्रकाशन:** २०७८ साल भदौ १७ गते ।
- **विद्यार्थी भर्ना हुने अन्तिम मिति :** २०७८ साल भदौ मसान्तसम्म ।
- **कक्षा सञ्चालन:**२०७८ साल आश्विन पहिलो हप्तादेखि ।
- परीक्षा केन्द्र सम्बन्धी सूचना यस सङ्कायको website : www.tufohss.edu.np मा पछि प्रकाशित गरिने छ ।

**नोट:**

- ➢ सम्बन्धित क्याम्पस/कलेज/विभाग/कार्यक्रमहरूले परीक्षार्थीहरूले अनलाइन मार्फत भरेको आवेदन फाराम र स्वीकृत विषयहरू डीन कार्यालयले उपलब्ध गराएको निर्देशिका बमोजिम रुजु गरी परीक्षार्थीहरूको नामावली तथा एकमुष्ट रकम यस कार्यालयको खातामा जम्मा गरी सक्कल भौचर २०७८ साल भाद्र ०२ गतेभित्र र विलम्ब शुल्कमा फाराम भरेका परीक्षार्थीहरूको २०७८ भाद्र ०८ गतेभित्र यस कार्यालयमा पठाउनु पर्नेछ । फाराम स्वीकृत भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०७८ साल भाद्र ०३ गते देखि सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://entrance.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्नेछन् ।
- ➢ साथै त्रि.वि. कार्यकारी परिषद्को निर्णयअनुसार क्याम्पसहरूले सम्बन्धन/स्वीकृति लिएका प्रत्येक विषयहरूमा कार्यक्रम सञ्चालन गर्न अनिवार्यरुपमा कम्तीमा १० जना विद्यार्थी भर्ना हुनुपर्ने छ । यदि १० जना भन्दा कम विद्यार्थीहरू भएको खण्डमा ती विषयहरूको पठनपाठन सञ्चालन गर्न नपाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**डीन**